# जनताको बहुदलीय जनवादमा अधिकारका सवालहरूको तुलनात्मक अध्ययन

डिल्लीप्रसाद निरौला
उपप्राध्यापक - राजनीतिशास्त्र
ने.सं.वि., पिण्डेश्वर विद्यापीठ, धरान
vainiroula@gmail.com

https://doi.org/10.3126/pj.v5i8.73800

## लेखसार

प्रस्तुत आलेखमा विश्वव्यापी रूपमा अधिकारको विधिशास्त्रले स्वीकृत हक अधिकारहरूलाई जनताको बहुदलीय जनवाद (जबज)का प्रावधानहरूका बिचमा आपसमा तुलना गरिएको छ। अधिकारका स्वीकार्य मान्यताहरूका आधार मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई लिइएको छ। साम्यवादी दलहरूको दरिलो उपस्थितिले लोकतान्त्रिक आचरण र विधिव्यवहार अलोकतान्त्रिक हुने वा लोकतन्त्र धरापमा पर्ने एक धारणा पनि बनेको छ। अधिकारका सवालहरू लोकतन्त्रका आधारभूत मानक र सूचकहरू समेत हुन्। जसका लागि मानव अधिकारका विश्वव्यापी घोषणापत्रले संहिताकृत गरेका नागरिक राजनैतिक अधिकार र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको आधारमा जनताको बहुदलीय जनवादको बिचमा तुलनात्मक शोध आलेखको विषय हो। प्रस्तुत आलेख तयार पार्न गुणात्मक रूपमा तुलनात्मक अध्ययन विधिको प्रयोग गरिएको छ। जनताका बहुदलीय जनवाद र मानव अधिकारका विश्वव्यापी घोषणाको दस्ताबेजलाई विषयवस्तु अध्ययन विधिको माध्यमबाट तुलना गरी निष्कर्षमा पुगिएको छ। शोधमा लिइएको उद्देश्य र यसमा निष्कर्षमा पुग्नका लागि प्रयोग गरेको अध्ययन विधिका आधारमा जनताको बहुदलीय जनवादका विषयवस्तु लोकतान्त्रिक छैनन् भन्न सकिँदैन। जनताको बहुदलीय जनवादले लोकतान्त्रिक अधिकारका आधारभूत सवालहरूलाई आत्मसात गरेको छ।

*शब्दकुञ्जी:* जनवाद, जबज, मानव अधिकार।

## विषयपरिचय

जनताको बहुदलीय जनवाद नेपालमा नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी–लेलिननवादी नेकपा (एमाले) ले स्वीकार गरेको राजनीतिक मार्गदर्शक कार्यक्रम हो। मानव अधिकारको विश्वव्यापी

घोषणपत्र संयुक्त राष्ट्रसङ्घको अगुवाइमा जारी गरिएको अधिकारहरूको विश्वव्यापी घोषणापत्र हो । जनताको बहुदलीय जनवाद नेकपा एमालेका तत्कालीन महासचिव मदनकुमार भण्डारीको अगुवाइमा जारी भएको वैचारिक कार्यक्रम हो । जबजलाई उक्त दलको पाँचौ अधिवेशनले दस्ताबेजलाई पारित गरेको थियो । हाल उक्त दलले यसलाई मार्गदर्शक सिद्धान्तका रूपमामा स्वीकार गरेको छ ।

जनताको बहुदलीय जनवाद नेपालमा साम्यवादी आदर्श बोकेका समूह वा दलहरूले समेत लोकतन्त्रलाई आत्मसात् गरिएको पहिलो औपचारिक घोषणा हो । यो घोषणामा लोकतान्त्रिक पद्धतिलाई स्वीकार गर्दै जनवादी कार्यक्रमहरू लागु गर्ने वा साम्यवादीहरूले पनि लोकतान्त्रिक व्यवस्थालाई आत्मसात् गर्नुपर्ने धारणा राखेको पाइन्छ । अधिकार लोकतन्त्रका आधारभूत मर्म हो, जनताको बहुदलीय जनवादभित्र लोकतान्त्रिक अधिकारहरूको खोज यो आलेखको मूल कर्म हो । नेपालमा ठूला साम्यवादी दलहरूले लोकतन्त्रको परिष्करणमा नै जोड दिएका छन् । राजनैतिक दलहरू आफ्ना सर्वोच्च अधिवेशनले तयार गरेको राजनैतिक प्रतिवेदन, आफ्ना राजनैतिक घोषणापत्र, राजनैतिक कार्यक्रमका आधारमा सञ्चालन भएका हुन्छन् । नेकपा (एमाले)ले जनताको बहुदलीय जनवादलाई आफ्नो राजनैतिक कार्यक्रम मानेको छ ।

जनताका बहुदलीय जनवादको लोकतान्त्रिक चरित्रको प्रस्तुत शोधमा वामपन्थी (साम्यवादी)हरूले वास्तवमा लोकतन्त्र मान्दैनन् वा वामपन्थीको सरकारले लोकतन्त्रका सर्वमान्य मूल्य-मान्यता र सिद्धान्तलाई निषेध गर्दछन् भन्ने तर्कलाई लोकतन्त्रका सर्वमान्य सिद्धान्तहरू र जबजभित्र रहेका लोकतान्त्रिक विषयवस्तुहरूको व्यतिरेकी विश्लेषणात्मक शोध गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत शोधका लागि गुणात्मक अध्ययन विधिको प्रयोग गरिएको छ । जसमा दस्ताबेजहरूको विषयवस्तुलाई तुलनात्मक अध्ययन गरिएको छ । ती दस्ताबेजहरूमा मानव अधिकारको विश्वव्यापी घोषणापत्र र जनताको बहुदलीय जनवाद मुख्य रहेका छन् । ती दुई अभिलेखात्मक दस्ताबेजका सान्दर्भिक व्यवस्थाहरूका बीचमा मानक र सूचकहरूका आधारमा तुलनात्मक अध्ययनगरी निष्कर्षमा पुगिएको छ ।

दस्ताबेज अध्ययनको विधिमा सामान्यतया चार चरणहरूको अभ्यास र प्रचलन रहेको पाइन्छ । जसमा पहिलो चरणमा दस्ताबेजको छनौट, दोस्रो चरणमा दस्ताबेजहरूको सङ्कलन र भण्डारण, तेस्रो चरणमा मानकहरूको निर्माण र चौथो चरणमा व्याख्या र विश्लेषण ।[13]

[13] Generally, four steps which more applied in content analysis research, selection of content, collecting and storing content, analysis and interpretation of selected content and finally writing up and paraphrasing.

पहिलो चरणमा जनताको बहुदलीय जनवाद र मानव अधिकारको विश्वव्यापी घोषणापत्रको छनौट गरिएको छ । दोस्रो चरणमा यी दस्ताबेजहरूको विभिन्न माध्यमबाट सङ्कलन र भण्डारण गरिएको छ । तेस्रो चरणमा मानव अधिकारका घोषणापत्र र जबजका बीचका अधिकारकाहरूलाई सूचक निर्धारण गरिएको छ भने अन्त्य अर्थात् चौथो चरणमा सूचकहरूका बीचमा तुलना गरी व्याख्या र विश्लेषणसहित निष्कर्षमा पुगिएको छ ।

राजनीतिक दलका लागि उसले अघि सारेको राजनीतिक कार्यक्रम वा सिद्धान्त सबैभन्दा सर्वोच्च कार्य हो । जनताको बहुदलीय जनवाद पनि नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी लेनीनवादीको सर्वोच्च राजनीतिक कार्यक्रम हो । मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई अन्तराष्ट्रिय रूपमा नै स्वीकार गरिएको राजनीतिक र विधिशास्त्रीय घोषणा हो । अध्ययनका लागि जनताको बहुदलीय जनवादको राजनीतिक कार्यक्रमको दस्ताबेज र मानव अधिकारको अन्तराष्ट्रिय घोषणपत्र औचित्यपूर्ण ठहर्छ ।

**पूर्वकार्यको समीक्षा**

अधिकार कानुनी मान्यता हो, यिनीहरूलाई सार्वभौम शक्ति (Authority) ले सुरक्षा दिएको हुन्छ । अधिकारको सवालमा हाल विगतको जस्तो  दावा गर्ने धारणा (Claim Aspect) भन्दा कर्तव्य परिपालना गर्नु पर्ने पक्ष (Duty Aspect) प्रधान मानिन थालिएको छ (डिवे, २००७ , पृ.७० ) । अधिकारलाई व्यक्तिको कानुनी मान्यता दिएका सचेतना (Conscience of man and legal recognition), मौलिक रूपमा कर्तव्यसँग सन्निकट रहेको (Organically bound up with duty), यिनीहरू राज्यबाट स्वतन्त्र भए पनि समाजबाट स्वतन्त्र नभएको पूर्वराजनीतिक अवधारणा (Pre-political character), प्रकृतिक र सामाजिक रूपमा उपयोगितावादी चरित्र भएको (Natural and social utilitarian character), व्यक्तिका व्यवहारमा प्रयुक्त हुने, अमूर्त धारणा नभएको (needs in exercise not mere abstract entities), राज्यका कार्यसँग निकटस्थ रहेको (Connected with function of state), स्वतन्त्रता, कानुन, न्याय र सार्वभौमसत्तासँग सम्बन्धित रहेको (Necessarily related with liberty, law, justice and sovereignty ) जस्ता विषयहरू आधारभूत विशेषताका रूपमा रहेका छन् ।

आर्थिक सामाजिक अधिकारहरूले पर्याप्त खाना, आवास, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, सांस्कृतिक जीवनमा भाग लिने, खानेपानी, सरसफाइ र काम गर्ने अधिकार (मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८) ।[14]

[14] the rights to adequate food, to adequate housing, to education, to health, to social security, to take part in cultural life, to water and sanitation, and to work.

ISSN-2362-1362 (Print)

नागरिक राजनीतिक अधिकार अधिकारको एउटा समूह हो, जसले व्यक्तिको स्वतन्त्रतालाई सरकार, सामाजिक संस्था र निजी व्यक्तिहरूको उल्लङ्घनबाट जोगाउँछ (मानव अधिकारको विश्वव्यापी घोषणपत्र, २०४८) ।[15] नागरिक राजनीतिक अधिकारलाई उपचारयोग्य (Entitle) अधिकार मानिन्छ । नागरिक राजनीतिक अधिकारलाई राज्यले सुनिश्चित गरी अभिभावकत्व ग्रहण गर्नुपर्ने हुन्छ । यी अधिकारहरू राज्यका विरुद्धमा परिलक्षित हुने भएकाले नागरिक राजनीतिक अधिकारलाई नकारात्मक अधिकार पनि (Negative rights) भनिन्छ ।

हाछेथु लेख्छन्, नेकपा (एमाले)ले जनताको बहुदलीय जनवादमार्फत आफ्नो पुरानो एकदलीय साम्यवादी लक्षलाई परिवर्तन गरी बहुलवाद सहितको लोकतान्त्रिक समाजको पक्षमा आफूलाई ढालेको हो । यसले शान्तिपूर्ण प्रतिस्पर्धामा भाग लिने, उदार लोकतन्त्रलाई मान्ने, नागरिकका नागरिक र मौलिक अधिकारहरूलाई स्वीकार गर्ने, दलहरूको बीचमा शान्तिपूर्ण प्रतिस्पर्धा गर्ने, आवधिक निर्वाचनमा भाग लिने, सवैधानिक सर्वोच्चता, शक्ति पृथकीकरण, विधिको शासन आदि यसका विशेषताहरू हुन् ।

यहाँ पूजीवाद निर्विकल्प देखाउन लोकतन्त्र र जनताको अधिकारको पक्षलाई आवरणमा लिएको छ, समाजवादलाई जनताको अधिकार र लोकतन्त्रमा ध्यान नदिएको आरोप छ । समाजवाले व्यक्तिका स्वतन्त्रता र अधिकारलाई वास्ता गर्दैन सामूहिकतामा मात्र जोड दिन्छ भन्ने तर्क विपक्षीहरूको छ । रुसका सामूहिकताको नाममा व्यक्तिहरूको आकांक्षाप्रति ठूलो प्रहार भयो । जसलाई पूँजीवादले व्यापक रूपमा उचाल्यो (नेपाल, २०६५, पृ. ३) ।

साम्यवादी दलहरूले संविधानको सर्वोच्चता, कानुनी राज्य, स्वतन्त्र र आवधिक निर्वाचनको परिपाटी, बहुमतको सरकार र अल्पमतको विपक्ष, बहुलवादी खुला समाज, शक्ति पृथकीकरण र नियन्त्रण सन्तुलनको सिद्धान्त मानव अधिकारको रक्षा मानव समाजले विकास गरेका तर पूँजीवादीले आफ्नो हितमा प्रयोग गरेको भन्दैमा साम्यवादीले प्रयोग गर्न हुँदैन भन्नु मिथ्याचारिता मात्र हो । मार्क्स, लेनिन, माओ, स्टलिन आदि नेताहरूले समेत समाजवादी संविधान, कानुनको आवश्यकता र निर्वाचनाको लोकतान्त्रीकरणको पक्षमा जोड दिएको पाइन्छ (नेपाल, २०६५, पृ. ६०) ।

“जनताको बहुदलीय जनवादले साम्यवादी दलको मार्गदर्शनमा अब निर्माण हुने समाज एकल र बन्द हुनै सक्तैन तथा त्यसलाई खुल्ला र बहुलवादी हुनबाट कसैले रोक्न सक्ने छैन भन्ने मान्यता अघि सार्‍यो ”

[15] a class of rights that protect individuals' freedom from infringement by governments, social organizations, and private individuals.

( गौतम, २०७१, पृ. २६) । नेकपा एमाले गठनका समयमा वार्ता टोलीले राजनीतिक क्षेत्रमा नेपाली जनताका मौलिक अधिकारहरू, मानव अधिकारको सुरक्षा गरिनेछ, बहुदलीय व्यवस्था कायम गरी विभिन्न राजनीतिक दलहरूलाई शान्तिपूर्ण प्रतिस्पर्धा गर्न दिने संवैधानिक व्यवस्था गरिनेछ आवधिक रूपमा आम निर्वाचन र निर्वाचनमा बहुमत प्राप्त गर्ने दलले सरकार गठन गर्न सक्ने व्यवस्था गरिनेछ भन्ने उद्घोषको कडीका रूपमा जनताको बहुदलीय जनवादलाई लिन सकिन्छ (नेपाल, २०६५, पृ. १३४)

जनताको बहुदलीय जनवाद सँग युरोपेली साम्यवादको (Eurocommunism) सन्दर्भलाई समेत हेर्ने गरिएको छ । पूँजीवादी समाजमा विकसित समस्यामा समाजवादी वा साम्यवादी दलहरूको सन्दर्भमा युरोपको परिवेशमा यो विचार समूहको विकास गरिएको थियो। यो विचार समूहको निर्माण गर्नमा क्यारिल्लो, मर्काइस र बर्लीन्गरको महत्त्वपूर्ण भूमिका रहेको छ। १९७० को दशकको मध्यतिर विकास गरेको यो विचार समूहलाई केरमलिनमा निष्कर्षमा पुगेको थियो। (जोहरी, २००९, पृ. ६६५) यसका आयामका बारेमा लेख्छन्,

१. विभिन्न दलहरू शक्तिमा जाने अधिकारलाई सम्मान गरी र बहुदलीय प्रणालीमा समाजवादको निर्माण गर्ने स्वतन्त्रतामा प्रतिबद्ध रहने ;

२. दल र राज्य नेतृत्व गर्ने रुसी संघको क्रान्तिकारी नमुनालाई निरुत्साहित गर्ने;

३. सोभियत संघ र अन्य स्याटालाइट देशहरूको देखाउने विशेष प्रकारको कुनै प्रकारको अनुदारवादलाई आलोचना गर्ने।

प्रतिस्पर्धाको राजनीतिलाई स्वीकार्ने, वैचारिक श्रेष्ठता हासिल गर्ने, रेड रिभोलुसनको ठाउँमा ग्रीन रिभोलुसनको बाटोमा लाग्नु आजको आवश्यकता हो । संसारका विभिन्न मुलुकमा बहुदलीय खुला बहुलवादी व्यवस्थाप्रति भएको सहिष्णुताको अभावका कारण नेपालमा साम्यवादी दलले यसलाई स्वीकार गर्ने वा नगर्ने विषयमा बहस, विवाद र अन्योलता छाएको थियो । नेपालमा लोकतन्त्र मानव अधिकार, नागरिक स्वतन्त्रता, राजनीतिक दल खोल्ने अधिकारको लागि सुरुबाटै संघर्ष भइरहेपनि विरोधीहरूले आरोप लगाउने मौका पाए (नेपाल, २०६५, पृ. १३५)।

जनताको बहुदलीय जनबाद सर्वहारा वर्गले आफ्नो वैचारिक श्रेष्ठता हासिल गरेर प्रतिस्पर्धाको संसदीय शासन प्रणाली नितान्त नयाँ प्रस्तावना हो । यो ऐतिहासिक भौतिकवाद को विरोधी भन्न मिल्दैन । बहुदलीय व्यवस्थालाई मार्क्सदेखि माओसम्मका नेताहरूले विरोध गरेको पाइँदैन । बुर्जुवा प्रतिक्रियावादीहरूबाट जनतालाई शोषण गर्ने भएकाले मात्र यसलाई साम्यवादी नेताहरूले विरोध र भण्डाफोर गरेको देखिन्छ । जनताको बहुदलीय जनवादले वैज्ञानिक शासन प्रणाली, साम्यवादी आन्दोलनको प्रजातान्त्रीकरण, बहुलबादी समाज निर्माणको प्रस्तावना अघि सारेको पाइन्छ (गौतम, २०६७, पृ. १७)।

## विषयविश्लेषण

अधिकार व्यक्तिका दाबीहरू हुन्, जसलाई राज्य र समाजले स्वीकारोक्ति दिन्छ । अधिकारमा सबैको साझा स्वार्थका दाबीहरू हुनुपर्छ । समुदायमा अधिकारको उपभोगको स्थल भएकाले एउटै दिशामा सबै इच्छा परिचालित हुनुपर्छ र कानुनी रूपमा उपचारयोग्य (Legally enforceable or entitle) हुन्छन् । अधिकारको सवालमा राज्यले कानुनी अधिकारको सुरक्षा गर्नु, हक अधिकारको हनन भएको खण्डमा प्रत्यायोजन गर्नु र समाजले हक अधिकारको परिपालनामा कुनै प्रकारको हस्तक्षेप नगर्नु अधिकारका मुख्य सर्तहरू हुन्छन् ।

संविधानमा आर्थिक, सामाजिक, सांस्कृतिक समानतालाई अधिकारका रूपमामा स्वीकृति दिएका अधिकारहरूलाई आर्थिक सामाजिक सांस्कृतिक अधिकारहरू हुन् । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू व्यक्तिमुखी वा सामूहिक दुवै हुन सक्छन् । आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरूले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको समातामूलक वितरणमा जोड दिएको हुन्छ । यस्ता अधिकारहरू तत्काल दिलाउन असम्भव हुने भएकाले कालान्तरमा दिने प्रकृतिका पनि हुन सक्तछन् । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका पक्षधरहरूका विचारमा नागरिकले राजनैतिक अधिकारको उपभोग गर्न पाउन आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारका क्षेत्रमा भएको लगानीले मात्र सम्भव हुन्छ ।

'अधिकार दिएर यसमा राज्यले हस्तक्षेप नगरे पुग्छ, थप लगानी गरिरहन पर्दैन' भन्ने शास्त्रीय अवधारणाको विपरीत अधिकारको उपभोगमा थप लगानी आवश्यक छ भन्ने मान्यतामा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विकास भएका छन् । संविधानमा यस्ता अधिकारहरूलाई सङ्गठित गर्ने प्रचलन शास्त्रीय रूपमा थिएन । १९३७ मा आयरल्याण्डमा पहिलोपटक संविधानमा राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूका रूपमा यस्ता अधिकारहरूलाई सङ्गठित गर्ने प्रयास सुरु भयो । राज्यका नीति तथा सिद्धान्तहरूलाई राज्यको औपचारिक आदर्शतम व्यवस्थाका रूपमा नागरिकका जीविकाका सवालहरूमा राज्यलाई जिम्मेवारी वहन र जनतालाई आवधिक रूपमा जवाफदेहिता र कर्तव्यबोध गराउनका लागि नैतिक दबाव सिर्जना गर्न यस्तो व्यवस्था हुन थाल्यो ।

राज्यको परिसीमाभित्र हेर्दा नागरिक राजनीतिक अधिकार राज्यले नागरिकलाई सम्बोधन गरेका व्यक्तिका जिउ, ज्यान, सुरक्षा तथा स्वप्रतिष्ठालाई सम्बोधन गर्ने हकहरू हुन् । सामान्यतया यसलाई राज्यले सुरक्षा गरे

ISSN-2362-1362 (Print)

पुग्ने र थप लगानी गर्नु नपर्ने अधिकार पनि भनिन्छ । नागरिक राजनैतिक अधिकार व्यक्तिको सर्वतोमुखी विकासका लागि राज्यको निगाह नभई व्यक्तिको अहरणीय (Inalienable) अधिकार हुन् ।

जनताको बहुदलीय जनवाद नेपालको साम्यवादी आन्दोलनको सैद्धान्तिक र नियमित कार्यक्रमका रूपमा संहिताकृत दस्तावेज हो । यसलाई नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी लेनिनवादी (नेकपा एमाले) ले मार्गदर्शक सिद्धान्तका रूपमा स्वीकार गरेको छ । हाल अस्तित्वमा रहेका साम्यवादी दलहरूमध्ये यस दललाई सङ्घीय, प्रदेश र स्थानीय व्यवस्थापिकामा सबैभन्दा बढी मतदाताले अनुमोदन गरेका छन् । यस सन्दर्भमा जनताको बहुदलीय जनवाद र मानव अधिकारको विश्वव्यापी घोषणापत्रका आधारमा यो आलेख तुलनात्मक रूपमा शोध गरी निष्कर्षमा पुगिएको छ । संयुक्त राष्ट्र सङ्घको पहलमा जारी मानव अधिकारको विश्वव्यापी घोषणापत्रले संहिताकृत गरेका आधारभूत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयहरू र जनताको बहुदलीय जनवादका प्राबधानहरूलाई यसरी तुलना गरिएको छ –

| क्र.सं | आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरू | जनताको बहुदलीय जनवादमा भएका प्रावधानहरू |
|---|---|---|
| १. | रोजगारी र बेरोजगारीविरुद्ध संरक्षणको अधिकार | योग्यताअनुसार काम र कामअनुसार दाम दिने व्यवस्था, (पृ.६),<br>क्रमिक रूपमा बेरोजगारीको अन्त्य गरिनेछ र सबै सक्षम नागरिकले काम पाउने अधिकारको सवैधानिक व्यवस्था गरिनेछ ।(पृ.१६) |
| २. | ट्रेड युनियनमा सहभागिता हुने | निजामती कर्मचारीहरूलाई उनीहरूको पेशागत हकहितको संरक्षण गर्न स्वतन्त्र सङ्गठन बनाउने कानूनी अधिकार प्रदान गरिनेछ ।(पृ.२१) |
| ३. | समान कामको समान ज्यालाको अधिकार | महिला र पुरुषका बीचमा समान काम र समान ज्यालालाई प्रभावकारी ढङ्गले लागु गरिनेछ । (पृ.२०)<br>ठूला र साना कर्मचारीबीचको तल दरले वर्तमान ठूलो असमानतालाई साना कर्मचारीको तलबवृद्धि गरी यी दुईबीच अनुपात समान गरिनेछ । (पृ.२१) |
| ४. | सामाजिक सुरक्षाको अधिकार | .......मूल्य वृद्धिको अनुपातमा मजदूर र सम्पूर्ण ज्यालादारीहरूले स्वतः महँगीभत्ता पाउने कानूनी व्यवस्था गरिनेछ ।(पृ. १६)<br>असहाय भएका वृद्ध तथा अपाङ्ग, अनाथ बालबालिकाहरूको संरक्षण राज्यले गर्नेछ ।(पृ. २०) |

| | | |
|---|---|---|
| | | मूल्य वृद्धिको वर्षेनि सूचक अङ्कका दाँजामा निजामती कर्मचारीहरूले स्वतःमहँगी भत्ता पाउने व्यवस्था गरिनेछ। (पृ. २१) |
| ५. | आराम र विश्रामको अधिकार | |
| ६. | सांस्कृतिक जीवनमा सहभागिता र बौद्धिक सम्पत्तिबाट लाभ पाउने | सामन्ती तथा साम्राज्यवादी साहित्य संस्कृतिको कुप्रभाव अन्त्य गरी सामाजिक कुरीति तथा अन्धविश्वास समाप्त पारी प्रगतिशील, राष्ट्रिय एवम् जनवादी साहित्य संस्कृतिको विकास गरिनेछ । समाजका सबै क्षेत्रमा जनवादी रूपान्तरण गर्नको निम्ति सामाजिक सुधारको कार्यक्रमलाई योजनाबद्ध रूपमा अघि बढाइनेछ। ऐतिहासिक र धार्मिक स्थलहरूको जीर्णोद्धार तथा संरक्षण गरिनेछ।(पृ. १७)<br>जाति भाषा र वेशभूषामा रहेको सबै एकाधिकार र विशेषाधिकारको अन्त्य गरिनेछ ।........ पछि परेका जाति भाषा साहित्य र संस्कृतिको ऐतिहासिक संरक्षण, संवर्धन र विकासका निम्ति विशेष कार्यक्रम लागु गरिनेछ। (पृ. १९)<br>प्राथमिक तहसम्म अभिभावक एवम् विद्यार्थीको रुचि र छनौटअनुसार मातृभाषा वा प्रचलित भाषामा शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ।(पृ. १८) |
| ७. | स्वास्थ्यको अधिकार | स्वास्थ्यसेवाको विद्यमान स्वरूपलाई परिवर्तन गरी स्वास्थ्यलाई मानव अधिकारका रूपमा सुविधा होइन अधिकार हो भन्ने तथ्यलाई अङ्गीकार गरी सोहीअनुरूप नीतिहरू तय गरिनेछ । एलोप्याथी, अक्यूपन्चर र प्राकृतिकलगायत सबै उपचार पद्धतिलाई समन्वयात्मक ढङ्गले विकास गरिनेछ। (पृ. १९)<br>स्वास्थ्य सेवालाई अत्यावश्यक एवम् कानुनी व्यवस्था गरिनेछ। साथै सबैखाले स्वाथ्यकर्मीहरूको छुट्टाछुट्टै स्वायत्त पेशागत सङ्गठनहरूमार्फत हकहितको संरक्षण तथा मर्यादित सेवा पुऱ्याउने वैधानिक व्यवस्था<br>गरिनेछ। (पृ. १९)<br>जनतालाई स्वाथ्य सेवाका क्रममा हुने दुर्घटना एवम् हानि नोक्सानीको क्षतिपूर्ति दिइने कानुनी व्यवस्था गरिनेछ। (पृ. १९) |

| | | |
|---|---|---|
| | | अत्यावश्यक औषधिनीति प्रयोग गर्ने प्रोटोकल व्यवस्था तथा यस क्षेत्रमा राष्ट्रिय आत्मनिर्भरताको नीति लिइनेछ र बहुराष्ट्रिय औषधि कम्पनीको शोषणबाट देशलाई मुक्त गरिनेछ । (पृ.२०)<br>गैरसरकारी स्वाथ्य संस्थाहरूलाई राष्ट्रिय स्वाथ्य नीतिअन्तर्गत निर्देशित दिशामा काम गर्न प्रोत्साहित गरिनेछ । (पृ. २०) |
| ८. | आवासको अधिकार | बासविहीन प्रत्येक नेपालीको बासका लागि जमिन उपलब्ध गराई बास निर्माणमा सहयोग पु-याइनेछ । (पृ. १६)<br>असुरक्षित ठाउँका जनतालाई सुरक्षित ठाउँमा बसोबास गराउने व्यवस्था गरिनेछ । (पृ. १७) |
| ९. | शिक्षाको अधिकार | शिक्षा पाउनु प्रत्येक व्यक्तिको मौलिक अधिकार हो । आधुनिक, प्रगतिशील र उच्चकोटिको गुणात्मक शिक्षाका निम्ति साधारण तथा व्यावसायिक र उच्च तथा विशिष्टीकृत शिक्षा प्रणाली एवम्  योजनालाई पुनर्गठित (Reorganised)  गरिनेछ । (पृ. १७)<br>राष्ट्रव्यापी रूपमा पूर्वप्राथमिक, प्राथमिक तथा माध्यमिक तहको शिक्षालाई क्रमिक रूपले अनिवार्य र निःशुल्क गराइनेछ । माध्यमिक तहमा व्यावसायिक कार्यमूलक शिक्षालाई समावेश गराइनेछ । (पृ. १८)<br>धर्म, वर्ण, जात, लिङ्ग, पेशा, भाषा, आर्थिक सामाजिक अवस्था आदिका आधारमा कुनै भेदभाव नराखी सबैलाई शिक्षाको समान अवसर प्रदान गरिनेछ । (पृ. १८) |
| १०. | वैज्ञानिक प्रगति वा बौद्धिक सम्पत्तिको अधिकार | बिना कुनै प्रशासनिक हस्तक्षेप प्राज्ञिक स्वतन्त्रताको उपभोग गर्न सुनिश्चित गरिनेछ । (पृ. १८) |

नागरिक राजनीतिक अधिकारहरूलाई सर्वप्रथम संयुक्त राष्ट्रसङ्घको अगुवाइमा मानवअधिकारका विश्वव्यापी घोषणापत्रका रूपमा जारी भएको हो । मानव अधिकारको विश्वव्यापी घोषणापत्रले संहिताकृत गरेका नागरिक राजनीतिक अधिकारलाई मुख्य आधारका रूपमा लिएर जनताको बहुदलीय जनवादभित्र रहेका नागरिक, राजनीतिक अधिकारलाई तल तुलना गरी विश्लेषण गरिएको छ -

| क्र.सं | नागरिक राजनीतिक अधिकारहरू | जनताको बहुदलीय जनवादमा भएका व्यवस्था |
|---|---|---|
| १. | जीवनको अधिकार | मानव अधिकार र जनताका मौलिक प्रजातान्त्रिक अधिकारहरूको ठोस प्रत्याभूति र सुरक्षा गर्नेछ (पृ.९)<br>बासविहीन प्रत्येक नेपालीलाई बासका लागि जमिन उपलब्ध गराई बास निर्माणमा सहयोग गरिनेछ। (पृ. १६) |
| २. | यातना तथा क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको अधिकार | अदालतको निर्णय नलिई नजरबन्द गर्न नपाइने व्यवस्था गरिनेछ। |
| ३ | दासत्व विरुद्धको अधिकार | |
| ४. | शोषण विरुद्धको अधिकार | शोषण तथा उत्पीडनका सम्पूर्ण अवशेषहरूलाई कानुनसम्मत ढङ्गले निर्मूल पारिने छ।<br>शोषण उत्पीडनलाई अन्त्य गरिनेछ। |
| ५. | वैयक्तिक स्वतन्त्रताको अधिकार | प्रत्येक व्यक्तिलाई सरकार, राजनीतिक पार्टीहरू, सामाजिक संस्थाहरू, नेताहरू र पदाधिकारीहरूको बारेमा आफूलाई लागेका कुराहरू स्वतन्त्ररूपमा बोल्न दिनुपर्दछ। |
| ६ | विचार तथा अभिव्यक्तिको स्वतन्त्रता | प्रत्येक व्यक्तिलाई जनता र राष्ट्रका निम्ति सोच्ने र बोल्ने तथा आफ्ना अनुभूतिहरू अभिव्यक्त गर्ने स्वतन्त्रता दिनुपर्छ। (पृ. २५) |
| ७ | शान्तिपूर्ण भेला हुने स्वतन्त्रता | संविधानको मर्यादाभित्र सबै राजनीतिक पार्टीहरूलाई राजकीय निकायहरूमा शान्तिपूर्ण ढङ्गले प्रतिस्पर्धा गर्ने स्वतन्त्रता रहनेछ।(पृ. ९)<br>शान्तिपूर्ण आन्दोलन गर्न, भौतिक आक्रमण र प्रतिरक्षाको कुरा गर्दा, शान्तिपूर्ण आन्दोलन होइन |

| | | |
|---|---|---|
| | | भनी ठान्ने चिन्तनबाट मुक्त हुनुपर्छ भने दबाउनतिर लाग्नु हुँदैन (पृ. ३८) |
| ८ | सङ्घसंस्था खोल्न पाउने स्वतन्त्रता | बहुदलीय प्रणाली सङ्गठित रूपमा विचार, कार्यक्रम र नीतिहरूका आधारमा पार्टीहरूका बीचमा प्रतिस्पर्धाको प्रणाली रही आएको छ । हामीले यो प्रणालीलाई एउटा निर्णायक विषयका रूपमा आफ्ना कार्यक्रममा सहभागिता गराएका छौं । |
| ९. | फौजदारी न्यायसम्बन्धी अधिकार | अभियुक्तलाई शारीरिक र मानसिक यातना दिने अमानवीय प्रथाको अन्त्य गरिनेछ ।(पृ.२१) |
| १०. | राष्ट्रभित्र आवतजावत तथा बसोबास गर्ने अधिकार | |
| ११. | सुरक्षाको अधिकार | |
| १२. | समानताको अधिकार | जाति, भाषा र वेशभूषामा रहेकासबै एकाधिकार र विशेषाधिकारहरूको अन्त्य गरिनेछ । सबै क्षेत्रमा समानता तथा जनवादी अधिकारको प्रत्याभूति गरिनेछ ।(पृ.१९) |
| १३. | राष्ट्रियताको अधिकार | |
| १४. | भेदभावविरुद्धको अधिकार | सामाजिक कुरीति, अन्धविश्वास, रुढीगत धारणाहरूलाई सामाजिक संस्कृतिक सुधार आन्दोलन चलाई जातपातका आधार।मा हुने छुवाछुत प्रथाको प्रभावकारी अन्त्य गरिनेछ । |
| १५. | सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायिक सुनुवाइको अधिकार | निस्पक्ष, स्वतन्त्र, स्वच्छ र प्रगतिशील न्यायव्यवस्था कायम गर्न कानून व्यावसायीहरूको सङ्गठित सहभागिता कायम गरिनेछ ।(पृ. २१) न्यायपालिकालाई स्वतन्त्र, निष्पक्ष र सक्षम बनाइनेछ । न्यायपलिकाका क्षेत्रमा कार्यकारिणीको हस्तक्षेप गर्न नपाइने संवैधानिक व्यवस्था लागु |

| | | |
|---|---|---|
| | | गरिनेछ । |
| १६. | गोपनीयताको अधिकार | |
| १७. | सूचनाको अधिकार | |
| १८. | धार्मिक स्वतन्त्रताको अधिकार | कुनैपनि धर्मको एकाधिकारलाई अन्त्य गरी सबैलाई धार्मिक स्वतन्त्रता र समानता प्रदान गरिनेछ । |
| १९. | परिवारमा बस्न पाउने अधिकार | |
| २०. | जीवनसाथी रोज्ने अधिकार | |
| २१. | राजनीतिक जीवनमा सहभागी हुने अधिकार | संविधानको परिभाषाभित्र राज्य र यसका राजकीय निकायहरू सम्पूर्ण जनताको चासो र सारोकारका विषयहरू हुन् । एकमात्र दलको एकाधिकार हुनै सक्तैन, यो गैरजनवादी कुरा हो । त्यसकारण राजनीतिमा जनताको निर्णायक भूमिका निर्माण गर्न बहुदलीय प्रतिस्पर्धामा छौँ। (पृ. २६)<br>लेख्ने,बोल्ने, छाप्ने सभा-सङ्गठन गर्ने आफ्नो आस्थाअनुरूप राजानीतिक पार्टीहरू खोल्ने तथा तिनीहरूमा लाग्ने राजकीय निकायमा चुन्न र चुनिन पाउने स्वतन्त्रताका कुराहरू हुन् । (जबजको बारे केही कुरा)<br>बेग्लाबेग्लै समस्या र स्वार्थ भएका वर्ग, पेशा, तहका जनतालाई साझा उद्देश्यका निम्ति संयुक्त बनाएर काम गर्नु क्रान्ति सम्पन्न गर्ने महत्त्वपूर्ण कला हो । (पृ.४०) |

कानुनले मान्यता दिएका, राज्यले सुरक्षा दिएका, समाजले स्वीकारोक्ति प्रदान गरेका व्यक्तिका आधारभूत दाबीहरू अधिकार हुन् । त्यसमा विशेष अधिकारहरू सार्वभौमको इच्छाअनुसार संविधानले सङ्गठित,

संहिताकृत गरी मान्यता दिएको हुन्छ । समकालीन राजनीतिक शक्ति सन्तुलनको दस्तावेजका रूपमा रहेको संविधानमा यसलाई मौलिक हकका रूपमा स्वीकार गरिएको पाइन्छ । आधुनिक संविधानवादको अवधारणमा नागरिकका राजनीतिक अधिकारलाई मात्र मौलिक हक मान्न सकिन्न । वर्तमान संविधानहरूमा आर्थिक, सामाजिक, सांस्कृतिक विषयलाई पनि संविधानको मौलिक हकका रूपमा स्वीकार गरिएको पाइन्छ ।

**निष्कर्ष**

लोकतन्त्र लामो मानवीय अभ्यास र आचरणको परिणाम हो । लोकतन्त्रको व्यवस्थित परिचालक भनेकै राजनीतिक दलहरू हुन् । राजनीतिक दल विचार र सिद्धान्तबाट परिचालित हुन्छ । संविधानले विचारधारामा आबद्ध राजनीतिक सौदाबाजी गर्ने समूहलाई राजनीतिक दल मानेको छ । लोकतन्त्रको सबलीकरण साम्यवादी दलले खेल्नुपर्ने भूमिकामा विश्वव्यापी रूपमा नै खास बहसको विषय बनेको छ ।

अधिकारका सवाललाई लोकतन्त्रकै आधारभूत मानक वा सूचकका रूपमा मानिने आजको सन्दर्भमा लोकतान्त्रिक अधिकारका सवालमा जनवादको तुलनात्मक अध्ययन लोकतान्त्रिक व्यवस्थाको सबलीरणमानै केन्द्रित छ । लोकतन्त्रले स्वीकार गरेका आधारभूत मानकहरू समाज व्यवहारका सर्वोत्तम विषयहरूलाई सङ्गठित गरिएको हो । सभ्यताको लामो कालखण्डमा उत्कृष्ट मानिएका शासकीय व्यवहारहरूलाई लोकतन्त्रले आधारभूत नियमका रूपमा स्वीकार गरेको हुन्छ ।  राज्य नागरिकका सर्वोच्च मर्यादाका सर्तहरूलाई थप व्यवस्थित गर्न नागरिकले सिर्जना गरेको सर्वोच्च कानुनी व्यक्ति हो । नागरिक राजनीतिक अधिकारजस्ता व्यक्तिका आधारभूत अधिकारलाई परिपालन गर्न लोकतान्त्रिक प्रणाली सहयोगी हुने गरेको छ । राज्यले के कति नागरिक राजनीतिक अधिकारहरूलाई संहिताकरण वा रक्षा गरेको छ, त्यसले लोकतन्त्रको स्तर पुष्टि हुने गर्दछ ।

नेपालमा अभ्यासमा रहेको जनवादको विषयवस्तुसँग नागरिक राजनीतिक अधिकारलाई अपसमा तुलना गर्दा जनताको बहुदलीय जनवादमा विश्वास गर्ने दललाई अलोकतान्त्रिक मान्न सकिँदैन । मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा अधिकारका संहिताकृत सूची र जनताको बहुदलीय जनवादका विषयहरूलाई हेर्दा जनवादले नागरिक राजनीतिक र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई समेटेको छ । केही सन्दर्भहरूको सम्बोधन प्रत्यक्ष रूपमा नगरेको देखिए तापनि संविधानको सर्वोच्चताप्रति धेरै ठाउँमा स्वीकारोक्ति, जनताका मौलिक हक अधिकारलाई आधारभूत रूपमा सम्मान वा परिपालना, लोकतन्त्र वा प्रजातान्त्रिक अधिकारहरूको सुरक्षण आदि विषयलाई स्वीकार गरिएको देखिन्छ । उल्लिखित तथ्यहरू उल्लिखित अधिकारका सूचीभन्दा पृथक् विषयहरू होइनन् । संविधानमा सबै त्यस्ता अधिकारको

संहिताकरण भएका कारण संविधानको सर्वोच्चताको स्वीकारोक्ति, नागरिक राजनीतिक अधिकारमानव-अधिकारको विषयवस्तुअन्तर्गत पर्ने भएकाले आधारभूत मानव अधिकारप्रति प्रतिबद्ध रहने विषयले जनताको बहुदलीय जनवादले अधिकारहरूका आधारभूत विश्वव्यापी सवालहरूलाई स्वीकार गरेको देखिन्छ।

बहुदलीय जनवादका सन्दर्भमा चर्चा गरिरहँदा उल्लिखित अधिकारप्रति वाम दलहरूको निष्ठा वा इमानदारिता हो वा होइन, त्यसलाई निर्धारक मान्नुपर्दछ । दिइएका अधिकारहरू अधिकारका सम्पूर्णता होइनन्। अधिकारका सवाल लोकतन्त्रका आधारभूत सवाल हुन्। आजको विश्वले लोकतन्त्रका उदार खुला चरित्रलाई आत्मसात् गरिसकेको छ । यद्यपि एकल वैचारिक वा एकल सांस्कृतिक विश्वव्यवस्थाको लागि द्वन्द्व र हिंसाहरू नभएका भने हैनन् । परिवर्तित विश्व परिस्थितिमा हाम्रा दलहरूले लिएका वैचारिक धार लोकतान्त्रिक छ भनेर बुझ्न लोकतन्त्रका आधारभूत सूचकहरूसँग जनवादका व्यवस्था तुलना गरी दलहरूलाई नागरिकका सबैखाले अधिकारप्रति जिम्मेवार, जवाफदेही हुन प्रेरित गरिरहनु आजको आवश्यकता हो ।

## सन्दर्भग्रन्थसूची


गौतम, वामदेव (२०६७), *कम्युनिष्ट पार्टी निर्माण सम्बन्धी आधारभूत प्रस्थापना*, उज्वल अधिकारी।

गौतम, वामदेव (२०५३), *नेपाली क्रान्तिको व्यवहारमा विकसित सिद्धान्त, जनताको बहुदलीय जनवाद*, केशवलाल श्रेष्ठ।

नेपाल, माधवकुमार (२०६४), *नेपाली क्रान्तिको सिद्धान्त जनताको बहुदलीय जनवाद*, नयाँ युग प्रकाशन।

*नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद*...,जवयुग, सहकारी छापाखाना ।

थापा, सूर्य (सम्पादित, २०७०), *मदन भण्डारी छानिएका रचनाहरू*, मदन आश्रित स्मृति प्रतिष्ठान।

भण्डारी, मदन, (२०४९), जडसूत्रवाद र विसर्जनवादको विरोध गरौं, मार्कसवादको सिर्जनात्मक प्रयोग गरौं, (राजनीतिक प्रतिवेदन), मदन भण्डारीका सङ्कलित रचनाहरू मदन, आश्रित प्रतिष्ठान ।

भण्डारी, मदन, (२०४९), जनताको बहुदलीय जनवादबारे केही कुरा, मदन भण्डारीका सङ्कलित रचनाहरू, मदन आश्रित प्रतिष्ठान।

भण्डारी, मदन, (२०४९), बहुदलीय जनवादका सम्बन्धमा, मदन भण्डारीका संकलित रचनाहरू मदन आश्रित प्रतिष्ठान।

Bhusal, Ghanasyam, Yogendra Shahi (2013), The Left Debate in Nepal, Centre for Nepalese Study, Kathmandu

Dewey, O. (1845). Rights, Claims, and Duties of Opinion: An Address Delivered Before the Berry St. Ministerial Conference, May 28, 1845. United States: W. Crosby & H.P. Nichols.

Hachhethu, Krishna(…………)The Communist Party of Nepal (Maoist): Transformation from an Insurgency Group to a Competitive Political Party, Social Science Baha research series, Lalitpur, Kathmandu

https://en.wikipedia.org/wiki/Civil_and_political_rights

https://www.ohchr.org/en/human-rights/economic-social-cultural-rights

International Covenant on Civil and Political Rights, 1966

International Covenant on Economic, Social and Cultural Rights, 1966

Johari, JC ( 2009), Comtemporary Political Theory New Dimension, Basic Concept and Major Trends, Sterling Publisher Private Limited, New Delhi

Kolbe, R. H., & Burnett, M. S. (1991). Content-analysis research: An examination of applications with directives for improving research reliability and objectivity.

Journal of Consumer Research, 18, 243–250

Roshni Das, Kamal K. Jain, Sushanta K. Mishra, (2018) "Archival research: a neglected method in organization studies", Benchmarking:

Schumpter, A. Joseph (2012) Capitalism, Socialism and Democracy, Roultledge Classic, Milton Mark UK

Universal Declaration of Human Rights, 1948, UN pabliction